AMNESTY INTERNATIONAL

**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०८३ भाद्र १५ गते

श्री

एम्नेस्टी इन्टरनेसनल नेपालका सबै समूह र युथ नेटवर्कका संयोजक, सदस्य र व्यक्तिगत सदस्यज्यूहरू,

**विषयः ३५ औं साधारण सभाको मिति र स्थानसम्बन्धी जानकारी।**

उपरोक्त सम्बन्धमा यही मिति २०८३ भाद्र १३ र १४ गते बसेको नेसनल बोर्ड बैठकले एम्नेस्टी इन्टरनेसल नेपाल शाखाको **३५ औं साधारण सभा मिति २०८३ मंसिर ११ र १२ गते (तदनुसार सन् २०२६ को नोभेम्बर २७ र २८ तारिख) आयोजना गर्ने निर्णय** गरेको व्यहोरा यहाँहरू सबैलाई यसैसाथ अनुरोध छ। साथै उक्त साधारण सभा कर्णाली प्रदेशको सुर्खेत जिल्लामा आयोजना गरिने तय गरिएको पनि अनुरोध छ।

यस ३५ औं साधारण सभामा एम्नेस्टी नेपाल शाखाको **विधानको** दफा ९ को उपदफा (९.३) को १ (ग) बमोजिम *"विधान र नियमावलीहरू बमोजिम वैध रहेका एम्नेस्टी नेपालमा आबद्ध समूह र यथु नेटवर्कको कार्यसमिति बैठकले निर्णय गरी तोकिएको समयभित्र सिफारिस गरी पठाएका एक एक प्रतिनिधि र नेपालभरीबाट तोकिएको विधि अवलम्वन गरी प्रत्येक एक हजार वैध व्यक्तिगत सदस्यहरू बराबर दुई जना (एक जना महिला र एक जना खुला) गरी बढीमा चार जना व्यक्तिगत सदस्यतर्फबाट चयन भएका प्रतिनिधिहरू"*को सहभागिता रहनेछ।

**प्रमुख मितिहरू**

- विधानसम्मत वैध अवस्थामा रहेका समूह र युथ नेटवर्कहरूले ३५ औं साधारण सभाका लागि राष्ट्रिय सचिवालयमा विधान संशोधन बाहेकका प्रस्ताव दर्ता गराउने अन्तिम **मिति २०८३** कार्तिक २० गते (६ नोभेम्बर २०२६)।
- विधानसम्मत वैध अवस्थामा रहेका समूह र युथ नेटवर्कहरूले साधारण सभाका लागि राष्ट्रिय सचिवालयमा विधान संशोधनसम्बन्धी प्रस्ताव दर्ता गराउने अन्तिम मिति **२०८३ कार्तिक ११ गते (२८ अक्टोबर २०२६)।**

धन्यवाद,

शचिता कुईंकेल
महासचिव, एम्नेस्टी इन्टरनेसनल नेपाल